# देवघाट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल

प.सं.: २०८२/०८३
च.नं..:

मितिः २०८२/१२/०६

## नदीजन्य पदार्थ उत्खननको लागि घाट खुल्ला गरिएको सम्बन्धी सूचना !

प्रस्तुत विषयमा देवघाट गाउँपालिकाको मिति २०८२/१२/०२ गतेको कार्यपालिकाको बैठकको निर्णय अनुसार वडा नं. ५ स्थित त्रिशुली नदी भुवनटार घाटबाट नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा व्यवस्थापनको लागि ठेक्का नलगाई आफैले बिक्री व्यवस्थापन गर्ने र बिक्री व्यवस्थापन गर्दा गाउँ कार्यपालिकाको कार्यालयको राजस्व शाखा/काउन्टरबाट प्रति घन मिटर रु. ३३३.३३/- (अक्षरुपी तीन सय तेत्तीस रुपैयाँ पैसा तेत्तीस मात्र) का दरले रसिद काटेपछि नियन्त्रण टोकन दिने भनी गाउँपालिकाबाट निर्णय भएकोले ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ र देवघाट गाउँपालिकाको ढुङ्गा, गिट्टी, बालुवा, माटो उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी (कार्यविधि) नियमावली, २०७९ बमोजिम हुने गरी मिति २०८२/१२/१० देखि २०८३ जेष्ठ मसान्तसम्मको लागि नदीजन्य पदार्थ उत्खनन बिक्री शुरु हुने व्यहोरा जानकारी गराइन्छ । साथै नदीजन्य पदार्थको व्यवस्थापनको लागि प्रयोग गरिने सवारी साधन सम्बन्धित वडा कार्यालयमा सूचिकृत गरी अघिल्लो दिन नै कार्यालयबाट नियन्त्रण टोकन लिनु हुन समेत अनुरोध गरिन्छ । यस बिक्री व्यवस्थापनमा परिमाण नियन्त्रण गर्न तथा चोरी कार्य रोक्नको लागि सम्बन्धित सबैमा सहयोगको अपेक्षा गरिएको छ ।

कुल उत्खनन गर्न सकिने परिमाण:
भुवनटार घाट: १७,००० घ.मि.
उत्खनन प्रविधी: श्रममुलक प्रविधि
उत्खनन समय: विहान ६ बजे देखि बेलुका ६ बजे सम्म

.................................
होमनाथ लामिछाने
नि. प्रमुख प्रशासकीय अधिकृत